कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

## सूचना ! सूचना ! ! सूचना ! ! !

प्रथम पटक प्रकाशित मितिः२०७४/१०/२५

यस कुश्मा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय पशुसेवा शाखा कुश्मा को आ. व. २०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार यस वर्ष कम्तिमा ३ रोपनी क्षेत्रफलमा हिउदे घांस जै र भेच खेती गरेका कृषकहरुलाई घाँस उत्पादनको आधारमा अनुदान दिने प्रावधान अनुसार कुश्मा नगरपालिका भित्रका ईच्छुक कृषकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नगरकार्यपालिकाको कार्यालय कुश्मा पर्वत वा पशु सेवा केन्द्र खुर्कोट, कटुवाचौपारी र पकुवामा तपसिलका कागजात सहित निवेदन दर्ता गराउनुहुन सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न हुनुपर्ने कागजातहरु**

१. रु १० को हुलाक टिकट टाँस गरी निवेदन
२. जै /भेच घाँस लगाएको क्षेत्रफल एकिन हुनेगरी सम्वन्धित वडा कार्यालयको सिफारिसपत्र।

**कुश्मा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**कुश्मा, पर्वत**
**प्रस्ताव आव्हानको सूचना !**

**प्रथम पटक प्रकाशित मितिः २०७४/१०/२६**

यस कुश्मा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय कृषि सेवा शाखा को आ. व. २०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम लागत साझेदारीमा संचालन गर्न कुश्मा नगरपालिका भित्रका ईच्छुक कृषक/कृषक समूह/ कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी कृषि फर्म ले निम्न लिखित कागजातको साथमा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय अवधिमा कुश्मा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कुश्मा पर्वतमा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट म्याद थप गरिनेछ । विगत दुई आर्थिक वर्षमा वा सम्बन्धित कार्यविधिमा उल्लेखित अनुसार उही प्रकृतिका अनुदान सहयोग कुनैपनि सरकारी निकायबाट प्राप्त गरेका कृषक/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी फर्म लाई पूनः अनुदान दिईने छैन तर अधुरो आयोजनाको हकमा अनुदान दिन सकिने छ।

**तपसिल**

| **सूचना नं** | **साझेदारी कार्यक्रमहरु** | **कृषक/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी फर्म को लागत साझेदारी प्रतिशत** | **निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु तथा अन्य जानकारी** |
|---|---|---|---|
| १. | साना सिंचाई निर्माण तथा मर्मत, प्लास्टिक पोखरी वितरण कार्यक्रम | १५ प्रतिशत | १. मागपत्र फाराम निवेदन (तोकिएको ढाँचामा)<br>२. सम्बन्धित नगरपालिकामा रु. १०० राजश्व तिरेको रसिद<br>३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपि<br>४. सम्बन्धित कृषि सम्पर्क/सेवाकेन्द्रको र वडा कार्यालयको सिफारिसपत्र<br>५. कृषक समूह/संस्था/निजी फार्म दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>६. प्रस्तावकको कार्यक्रमसंग सम्बन्धित थप सहयोग गर्ने प्रमाणित प्रमाण पत्रहरु(तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपिहरू । |
| **नोटः साना सिंचाई निर्माण तथा मर्मत को हकमा कृषक समूह /कृषि सहकारी /उपभोक्ता संस्थालाई प्राथमिकता दिईने र प्लास्टिक पोखरीको हकमा निजी कृषि फर्मलाई समेत दिन सकिने छ। तोकिएको ढाँचाको मागपत्र फारामको लागी कुश्मा नगरपालिकाको कार्यालय, कृषि शाखामा सम्पर्क राख्नुहोला।** | | | |
| २. | पकेट विकास कार्यक्रम | १५-५० प्रतिशत | १. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन<br>२. पकेटको लागी कम्तीमा १० हेक्टर जग्गाको लालपुर्जा वा करारनामाको प्रतिलिपि<br>३. समूह। सहकारीको प्रमाणपत्र तथा बैठक निर्णयको प्रतिलिपि<br>४. सम्बन्धित कृषि सम्पर्क /सेवा केन्द्र तथा वडा कार्यालयको को सिफारिसपत्र |
| **नोटः पकेट विकास कार्यक्रम को लागी अत्यन्त जरुरी जानकारी**<br>१. १ वटा सिताके च्याउ, १ वटा सुन्तला र १ वटा खाद्यन्न वाली गरी ३ वटा पकेट क्षेत्र बनाइने छ<br>२. बाली/बालीवस्तुको हकमा कम्तीमा १० हेक्टर क्षेत्रफलमा र शिताके च्याउको हकमा न्यूनतम १०००० मुढामा खेति गरेको हुनुपर्ने<br>३. पकेटको तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरीडोरमा रहेको हुनुपर्ने र पकेट संचालन हुने क्षेत्र कुश्मा नगरपालिकाभर | | | |

**नोटः** थप जानकारीका लागी कुश्मा नगरपालिकाको कार्यालय, कृषि शाखा, सम्बन्धित वडा कार्यालय तथा कृषि सेवा, सम्पर्क केन्द्रमा सम्पर्क गर्न हुन अनुरोध छ। व्यवसायिक कृषकलाई विशेष प्राथमिकता दिईने छ। साथै पकेट विकास कार्यक्रममा परेका वा कृषि शाखाबाट अन्य कृषि सम्बन्धि अनुदान प्राप्त कृषक/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी फर्मलाइ एक भन्दा बढी कृषि अनुदान कार्यक्रम दिईने छैन ।

**कुश्मा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**कुश्मा, पर्वत**

# प्रस्ताव आव्हानको सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०७४/१०/२६**

यस कुश्मा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय कृषि सेवा शाखाको आ. व. २०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम लागत साझेदारीमा संचालन गर्न कुश्मा नगरपालिका भित्रका ईच्छुक कृषक/कृषक समूह/ कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी कृषि फर्मले निम्न लिखित कागजातको साथमा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय अवधिमा कुश्मा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कुश्मा पर्वतमा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट म्याद थप गरिनेछ । विगत दुई आर्थिक वर्षमा वा सम्बन्धित कार्यविधिमा उल्लेखित अनुसार उही प्रकृतिका अनुदान सहयोग कुनैपनि सरकारी निकायबाट प्राप्त गरेका कृषक/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी फर्म लाई पूनः अनुदान दिईने छैन।

**तपसिल**

<table>
<tr><th>सूचना नं</th><th>साझेदारी कार्यक्रमहरु</th><th>कृषक/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी फर्म को लागत साझेदारी प्रतिशत</th><th>निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु तथा अन्य जानकारी</th></tr>
<tr><td>१</td><td>युवा स्वरोजगार कार्यक्रम</td><td>५० प्रतिशत</td><td>१. अनुसूची २ अनुसारको आवेदन फाराम रु. १० ।- को हुलाक टिकट टाँस गरेको निवेदन ।<br>२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।<br>३. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।<br>४. सम्बन्धित कृषि सम्पर्क/सेवाकेन्द्रको र वडा कार्यालयको सिफारिसपत्र<br>५. विदेशबाट फर्केको भए राहदानीको प्रतिलिपि<br>६. अन्य कार्यक्रमसंग सम्बन्धित थप सहयोग गर्ने प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी) को प्रतिलिपिहरू ।</td></tr>
<tr><td colspan="4">नोटः युवा स्वरोजगार कार्यक्रममा प्रति इकाईमा बढीमा रु.४०००० दिन सकिने तथा युवाहरुलाई व्यवसायिक तरकारी खेतिको माध्यमबाट स्वरोजगार प्रवर्दन गर्ने कार्यक्रम रहेको हुदा १८ देखि ५० वर्ष का अर्ध वेरोजगार/वेरोजगार युवा युवतीबाट दरखास्त आव्हानको माग रहेको छ तथा एक पटक अनुदान पाएका कृषकहरुलाई पूनः अनुदान दिईने छैना</td></tr>
<tr><td>२</td><td>मिनि पावर टिलर तथा मेशीनरी वितरण(५०% अनुदान)</td><td>५० प्रतिशत</td><td rowspan="5">१. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन<br>२. आवेदकको नेपाली नागरिकताको प्रतिलिपि<br>३. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र<br>४. कृषक समूह/संस्था/निजी फार्म दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>५. प्रस्तावकको कार्यक्रमसंग सम्बन्धित थप सहयोग गर्ने प्रमाणित प्रमाण पत्रहरु(तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपिहरू ।<br>नोटः मिनि पावर टिलर तथा मेशीनरी वितरण(५०% अनुदान) कार्यक्रमको हकमा प्रति इकाईमा बढीमा रु.३४००० दिन सकिने छ।</td></tr>
<tr><td>३</td><td>कुटानी पिसानी, कर्न सेलर मेसिन(५०% अनुदान)</td><td>५० प्रतिशत</td></tr>
<tr><td>४</td><td>५०% अनुदानमा प्लास्टिक सिट वितरण</td><td>५० प्रतिशत</td></tr>
<tr><td>५</td><td>मौरी घार तथा उपकरण वितरण(२५% अनुदान)</td><td>२५ प्रतिशत</td></tr>
<tr><td>६</td><td>स्प्रेयर (२५% अनुदान) वितरण</td><td>२५ प्रतिशत</td></tr>
</table>

**नोटः थप जानकारीका लागी कुश्मा नगरपालिकाको कार्यालय, कृषि शाखा, सम्बन्धित वडा कार्यालय तथा कृषि सेवा, सम्पर्क केन्द्रमा सम्पर्क गर्न हुन अनुरोध छ। व्यवसायिक कृषकलाई विशेष प्राथमिकता दिईने छ । पकेट विकास कार्यक्रममा परेका वा कृषि शाखाबाट अन्य कृषि सम्बन्धि अनुदान प्राप्त कृषक/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिती/निजी फर्मलाइ एक भन्दा बढी कृषि अनुदान कार्यक्रम दिईने छैन। युवा स्वरोजगार कार्यक्रमको अनुसूची २ र अनुसूची ३ को लागीकुश्मा नगरपालिकाको कार्यालय, कृषि शाखामा सम्पर्क राख्नुहोला।**